# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## धुर्कोट गाउँपालिका

## गुल्मी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## धुर्कोट गाउँपालिका

## गुल्मी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ७६

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
धुर्कोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
गुल्मी ।

**कैफियत सहितको राय**

हामीले धुर्कोट गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ३ करोड ७१ लाख १६ हजार बेरुजू देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु.३ लाख २६ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रु.१३ लाख २ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१६ लाख ५७ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ३८ लाख ३१ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.५ करोड ६० लाख ३२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.८ करोड ८४ लाख २६ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ/गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

धुर्कोट गाउँपालिका, गुल्मी

## १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७६ | १०२ | ३७११६ | १ | ४२ | ३२६ | ७५ | ६१ | ३६७९० | १३०२ | ३३८३१ | १६५७ | ० | ० | ३५४८८ | ० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ७७ | भ्रमण खर्च बढी भुक्तानी | १०७६१।- |
| २ | ५१.२ | दिवा खाजा बढी भुक्तानी | १५६२२०।- |
| ३ | ५२ | थप पाठ्यपुस्तक वितरण | ६६३७५।- |
| ४ | ८४ | बैठक भत्ता बढी भुक्तानी | ७१६७३।- |
| ५ | ९१/९९ | कार्यपत्र वापतको पारिश्रमिक बढी भुक्तानी | ५०००।- |
| ६ | ५९ | कोभिड भत्ता | ११११५८।- |
| ७ | ५६ | स्थानीय भत्ता | ५२९८।- |
| | | **जम्मा** | **३२६४८५।-** |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| धुर्कोट गाउँपालिका, गुल्मी | ५६०३२ | ० | ४३९६ | ५१६३६ | ० | ३६७९० | ८८४२६ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : धुर्कोट गाउँपालिका, गुल्मी , धुर्कोट गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | काशीराम पन्थी | २०७७-४-१ | २०७८-१०-५ |
| कार्यालय प्रमुख | प्रेमलाल खनाल | २०७८-११-५ | २०७८-१२-५ |
| कार्यालय प्रमुख | तुल्सीराम पौडेल | २०७८-१२-६ | २०७९-५-७ |
| कार्यालय प्रमुख | ज्ञानुराम पन्थी | २०७९-४-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कमल महत | २०७७-१२-६ | २०७८-१२-३० |
| लेखा प्रमुख | भुवन पन्थी | २०७९-१-८ | २०७९-२-२३ |
| लेखा प्रमुख | तेजेन्द्र थापा मगर | २०७९-३-१० | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३६,७८९,३००.७५ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ३,७९,९८,८२४.८ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४४,०२,३३,००० | **चालु खर्च** | ३३,०४,५६,२०६ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,०६,७८,००० | **पूँजीगत खर्च** | १४,५५,१७,२४९.७ |
| **राजश्व बाँडफाँट** | ७,३५,०१,५७९.९३ | **वित्तीय/अन्य व्यवस्था** | १५,२०,८४,८८१ |
| **आन्तरिक आय** | ४५,८३,७७२.८६ | | |

| | | | |
|---|---|---|---|
| **अन्य आय** | १५,१५,०५,६५२ | | |
| **कुल आय** | ७१,०५,०२,००४.७९ | **कुल खर्च** | ६२,८०,५८,३३६.७ |
| **बाँकी मौज्दात** | | १२,०४,४२,४९२.९३ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस धुर्कोट गाउँपालिका को स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु धुर्कोट गाउँपालिका को उद्देश्य रहेको छ । यस धुर्कोट गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, ८६.३२ वर्ग किलोमिटर क्षेत्रफल तथा २२ हजार ५५४ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण विधि** - लेखापरीक्षणमा पेश भएको स्रेस्ता तथा आर्थिक कारोबारहरुदाको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।०५।२६ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| ३ | | | **वित्तीय अवस्था**<br><br>आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२ | |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **प्राप्ती (क+ख)** | | ५७,७३,९९,१७९.६५ | ५७,०५,१७,९२४.३४ | | ५७,०५,१७,९२४.३४ | ५४,७७,६५,८९८.२१ | | ५४,७७,६५,८९८.२१ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ५६,६९,७३,००९.६५ | ५५,८५,२४,३६६.३४ | ० | ५५,८५,२४,३६६.३४ | ५१,९३,३३,७६८.२१ | ० | ५१,९३,३३,७६८.२१ |
| ११००० कर | ११ | ७,६६,१२,००० | ७,४०,२५,२२६.६९ | ० | ७,४०,२५,२२६.६९ | ६,५६,२९,८९०.८० | ० | ६,५६,२९,८९०.८० |
| १३००० अनुदान | | ४८,४९,६०,७०० | ४८,०९,११,००० | ० | ४८,०९,११,००० | ४४,८९,८८,१६० | ० | ४४,८९,८८,१६० |
| संघीय सरकार | १२ | ४४,४२,८२,७०० | ४४,०२,३३,००० | ० | ४४,०२,३३,००० | ४०,५५,९८,१६० | ० | ४०,५५,९८,१६० |
| प्रदेश सरकार | १२ | ४,०६,७८,००० | ४,०६,७८,००० | ० | ४,०६,७८,००० | ४,३३,९०,००० | ० | ४,३३,९०,००० |
| बैदेशिक श्रोत | १२ | ० | ० | ० | ० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | ५३,००,३०९.६५ | २४,३७,२८९.६५ | ० | २४,३७,२८९.६५ | ४७,१५,७१७.४१ | ० | ४७,१५,७१७.४१ |
| १५००० विविध प्राप्ति | | १,००,००० | ११,५०,८५० | ० | ११,५०,८५० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,०४,२६,१७० | १,१९,९३,५५८ | | १,१९,९३,५५८ | २,८४,३२,१३० | | २,८४,३२,१३० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोषहरु | | १,०४,२६,१७० | ९५,१५,१७० | ० | ९५,१५,१७० | २,६०,२९,२६१ | ० | २,६०,२९,२६१ |
| धरौटी | | ० | २४,७८,३८८ | ० | २४,७८,३८८ | २४,०२,८६९ | ० | २४,०२,८६९ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६१,०८,९८,८७० | ४८,९६,५७,५३३ | | ४८,९६,५७,५३३ | ४७,९६,४५,२१९ | | ४७,९६,४५,२१९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६०,०४,७२,७०० | ४८,२९,९२,४३५ | | ४८,२९,९२,४३५ | ४६,०६,१५,४०४ | | ४६,०६,१५,४०४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ६,७१,२६,००० | ५,४५,३५,९९३ | ० | ५,४५,३५,९९३ | १४,२५,०७,६९८ | ० | १४,२५,०७,६९८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १३,३१,३१,००० | ९,५८,६७,३८० | ० | ९,५८,६७,३८० | ९,४२,४५,४६६ | ० | ९,४२,४५,४६६ |
| २५००० सहायता (Subsidy) | १८ | १६,६२,८८,००० | १५,४४,०९,०६९ | ० | १५,४४,०९,०६९ | ७,३४,१८,६३४ | ० | ७,३४,१८,६३४ |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० | ७,३२,५३० | ० | ७,३२,५३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see table below) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७००० सामाजिक सुरक्षा | १८ | ३,१५,७५,००० | २,४८,१६,४६५ | ० | २,४८,१६,४६५ | २,१८,१९,७६० | ० | २,१८,१९,७६० |
| २८००० अन्य खर्च | १८ | १७,००,००० | ८,२७,३०० | ० | ८,२७,३०० | १०,०२,९०६ | ० | १०,०२,९०६ |
| ३१००० गैर वितीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २०,०६,५२,७०० | १५,२५,३६,२२८ | ० | १५,२५,३६,२२८ | १२,६८,८८,४१० | ० | १२,६८,८८,४१० |
| घ. अन्य भूक्तानी | | १,०४,२६,१७० | ६६,६५,०९८ | | ६६,६५,०९८ | ४७,९६,४५,२१९ | | ४७,९६,४५,२१९ |
| कोषहरु | | १,०४,२६,१७० | ६०,८४,४२८ | ० | ६०,८४,४२८ | १,५७,६९,८७४ | ० | १,५७,६९,८७४ |
| धरौटी | | ० | १०,३४,१८९ | ० | १०,३४,१८९ | ३२,५९,९४१ | ० | ३२,५९,९४१ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (४,५३,५१९) | | (४,५३,५१९) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (३,३४,९९,६९०.३५) | ८,०८,६०,३९१.३४ | | ८,०८,६०,३९१.३४ | ६,८१,२०,६७९.२१ | | ६,८१,२०,६७९.२१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २,७९,०४,८२५.८२ | | २,७९,०४,८२५.८२ | १,२१,५४,३७० | | १,२१,५४,३७० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (३,३४,९९,६९०.३५) | १०,८७,६५,२१७.१६ | | १०,८७,६५,२१७.१६ | ८,०२,७५,०४९.२१ | | ८,०२,७५,०४९.२१ |
| बैंक तथा नगद बाकी | २४ | | ११,०३,१०,५२५.१६ | | ११,०३,१०,५२५.१६ | ३,७८,५५,४७१.२१ | | ३,७८,५५,४७१.२१ |

स्थानीय संञ्चित कोषः स्थानीय सञ्चित कोष सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

स्थानीय तहको एकीकृत वित्तीय विवरणले सो पालिका भित्र सम्पूर्ण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट C-GAS मार्फत हुने निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेको देहाय अनुसार सुत्र र एकीकृत विवरणमा फरक परेको छ ।

| विवरण | म ले प फा न २७२ | एकीकृत आय व्यय विवरण | फरक |
|---|---|---|---|
| गत वर्षको अ ल्या | २,७९,०४,८२५.८२ | ३७९९८८२४.८ | १००९३९९८.९८ |
| यस वर्षको आम्दानी | ५७,०५,१७,९२४.३४ | ७१०५०२००४.७९ | १३९९८४०८०.४५ |
| यस वर्षको खर्च रकम | ४८,९६,५७,५३३ | ६२८०५८३३६.७० | १३८४००८०३.७ |
| बाँकी मौज्दात | १०,८७,६५,२१७.१६ | १२०४४२४९२.९२ | ११६७७२७५.७६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>लेखा प्रणाली सुत्रबाट सृजना भएको म.ले.प.फा.नं. २७२ ले पालिकाको यथार्थ आय व्ययको प्रतिनिधित्व गरेको देखिएन । सबै आय व्ययलाई सुत्रको माध्यमबाट एकीकृत गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असूली - पालिकाको लेखापरीक्षणको सिलसिलामा निम्न विषयमा रकम दाखिला भई रु ३८५४२८७९/- असूली भएको छ।<br>
<table>
<tr><th>सि नं</th><th>विषय</th><th>दाखिला मिति</th><th>दाखिला रकम</th></tr>
<tr><td>१</td><td>बैठक भत्ता</td><td>२०७९/०६/०९</td><td>४७४३४</td></tr>
<tr><td>२</td><td>सशर्तको रकम संघ तथा प्रदेशमा फिर्ता हुन बाँकी</td><td>२०७९/०६/०९</td><td>३८४९५४४५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३८५४२८७९</td></tr>
</table></td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>सम्पत्ति हस्तान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०७८।०३।१० गते रु. ५३ करोड ३८ लाख ९० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३। १७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८।०४। ०६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७ | | | **अबण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी दफा ७१ बमोजिम बजेट पेश र पारित गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. ६१ लाख ७३ हजार बजेटलाई अबण्डा रुपमा राखी पछि आवश्यकता अनुसार बाँडफाँड गरी खर्च गरेको छ। | |
| ८ | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| **मुख्यक्षेत्र** | **वार्षिकवजेट** | **खर्चरकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| सम्पदा पूर्वाधार | १३७८८७०० | ९६६६२६१ | १।९५ |
| आर्थिक विकास | ६१५८६००० | ४०३६८६५१ | ८।१५ |
| सामाजिक क्षेत्र | ३४२९१९००० | २९७२८२३९० | ६०।२३ |
| पूर्वाधार विकास क्षेत्र | १११७६८७०० | ७६९८१८८७ | १५।५९ |
| वित्तीय व्यवस्थापन रसुशासन | १२८१५१८० | ७५३९६६८ | १।५३ |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | ७१३८३८२० | ६०२४७३४२ | १२।२१ |
| उर्जा | १०८५००० | १०२९१६० | ०।२१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>सञ्चार तथा सूचना प्रविधि</td><td>५०००००</td><td>५०००००</td><td>०।११</td></tr>
<tr><td>जम्मा</td><td>६१५८४६४००.००</td><td>४९३६१५३७९.००</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ६०.२३ प्रतिशत र सञ्चार तथा सूचना प्रविधिमा सबै भन्दा घटीमा ०.११ प्रतिशत खर्च रहेको छ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>बजेट सीमा निर्धारण समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सिमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>गत बर्षको दायित्व - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. २० लाख भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था गरी उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>

**त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

<table>
<tr><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th></th><th colspan="4">त्रैमासिक खर्च</th></tr>
<tr><th>प्रथमत्रैमासिक</th><th>दोस्रो त्रैमासिक</th><th>तेश्रो त्रैमासिक</th><th>चौथोत्रैमासिक</th><th>असार महिना</th></tr>
<tr><td>चालु खर्चतर्फ</td><td>३३०४५६२०६</td><td>७०२४१५३७</td><td>३५९३७१५६</td><td>६९६५४९५७</td><td>१५४६२२५५७</td><td>१२७१११२०२.००</td></tr>
<tr><td>पूँजिगत खर्चतर्फ</td><td>१४५५१७२१९.७०</td><td>१३९३९९२</td><td>१५३२१४३५</td><td>२५०२३१८२</td><td>१०३७७८६४०.७०</td><td>११४६९६८६९.००</td></tr>
<tr><td>जम्मा</td><td>४७५९७३४५५.७०</td><td>७१६३५५२९</td><td>५१२५८५९१</td><td>९४६७८१३९</td><td>२५८४०११९७.७०</td><td>२४१८०८०७१.००</td></tr>
</table>

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ४७५९७३४५५.७० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ७१६३५५२९ अर्थात १५.०५ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ,५१२५८५९१ अर्थात १०.७६ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. ९४६७८१३९ अर्थात १९.८९ प्रतिशत र चौथो त्रैमासिकमा रु. २५८४०११९७.७० अर्थात ५४.२८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २४,१८,०८,०७१ अर्थात ५०.८० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>

**लक्ष्य प्रगति** - कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>४९१</td><td>३</td><td>२</td><td>४</td><td>४८२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइयो । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>खर्च बिश्लेषण - पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ४५,८३,७७२.८६ राजस्व बाँडफाँड र अनुदानबाट रु ५५४४१२५७९।९३ समेत रु५५८९९६३५१।३५१ आम्दानी भएकोमा चालु तर्फ रु ३३०४५६।२०७३३र पूँजिगत तर्फ रु १५१६२३७५१ समेत रु.४८२०७९९५८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।९५ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सबिधामा रु. ५५,६२,२२१ खर्च भएको छ जुन आन्तरिक आयको १२१।३५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५९।६०प्रतिशत चालु र २७.३५प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । साथै एक आर्थिक वर्षमा ४ जना प्रमुख प्रशासकीय अधिकृत र ३ जना लेखा प्रमुखको सरुवा हुनु सेवा प्रवाह, पालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनको र सुशासन प्रवर्द्धनको लागि राम्रो सूचक होइन । तसर्थ एक आर्थिक वर्षमा पटक पटक सरूवा गर्ने प्रवृतिको अन्त्य गरी रिक्त रहेकम पदहरुमा समेत समयमा नै पदपूर्ति गरिनुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न २८ पदमा ७२ जना कर्मचारीहरु करारमा राखि रु. ६९,६५,६२२ खर्च लेखेको छ । पालिकालाई आवश्यकताको आधारमा मात्रै सेवा करारमा लिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १८ | | | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष उक्त कोषमा रकम जम्मा गरेको देखिएन। | |
| १९ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २० | | | **वडा सचिवको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ । | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ७ | ७ | ५ | २ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **सेवाप्रवाहको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १२२१ |
| मृत्युदर्ता | २५५ |
| बसाईसराई दर्ता | १२७ |
| विवाह दर्ता | ३६० |
| सम्बन्धविच्छेद दर्ता | ११ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ३.५ कि मी |
| ग्राभेल सडक मर्मत | १.५ कि मी |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>विवरण</th><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>योजना संख्या</td><td>१६१</td><td>१८२</td><td>८३</td><td>२८</td><td>३७</td><td>४९१</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. ५ लाख देखि १०लाख सम्मका जम्मा 28 वटा योजना संचालन गरेकोमा रु. १ लाख देखि रु ५ लाख सम्मका ४२६ वटा योजनाहरु संचालनमा रहेका छन् । त्यसैले साना रकमका धैरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिई बजेट विनियोजन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, १ वटा नियमावली, ३३ कार्यविधि, २ मापदण्ड र १ निर्देशिका सहित ५१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ५१ वटा कानूनहरु निर्माण गरी सभा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यपालिकाबाट स्वीकृत गरेर उक्त कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गरेको छ । आवश्यकता पहिचानको आधारमा आवश्यक कानून निर्माण गरी कार्यान्वयन गर्नपर्दछ। | |
| २४ | | | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी मुद्दा नभएको र यो बर्ष भएको १४ विवाह दर्ता भएकोमा सोहि अनुसार फर्छ्यौट भएको पाइयो। | |
| २५ | | | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर धुर्कोट गाउँपालिका ले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २६ | | | **स्थानीय तहका पदाधिकारी सुविधा** - नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ५५,६२,२२१ सुविधा वापत भुक्तानी भएको छ । पालिकाको आन्तरिक आम्दानी समेतलाई विचार गरी स्पष्ट कानूनी व्यवस्था सहित मापदण्ड तयार गरी सुविधा वितरण गरिनुपर्दछ। | |

| सि. नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ७जना | कार्यपालिका सदस्य 6६जना | सभाका सदस्य २४ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ९४३५० | ९०९५० | ८२४५९ | २५५०० | ६१२०० | ३५४४५९ |
| २ | यातायात खर्च | ० | ० | ८०५३२५ | ३६०६०० | ८५३६०० | २०१९५२५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>टेलिफोन,मोबाइल</td><td>३८९६५</td><td>३६०००</td><td>२४१६००</td><td>१८०३०००</td><td>७११३२१</td><td>१२०८१७७</td></tr>
<tr><td>४</td><td>पुस्तक,पत्रीका, ईन्टरनेट</td><td>४४५३३३</td><td>४७९९९</td><td>२४१६०००</td><td>१८०३०००</td><td>५६९०४०</td><td>१०८३४७२</td></tr>
<tr><td>५</td><td>समन्वय तथा सहजीकरण</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>६६८००</td><td>५९९०००</td><td>३२१२५</td><td>०</td><td>०</td><td>४४८९२४</td></tr>
<tr><td>७</td><td>खानेपानी/बिजुली/<br>सरसफाई</td><td>५५६५०</td><td>५९९००</td><td>०</td><td>०</td><td>०</td><td>११५६६४</td></tr>
<tr><td>८</td><td>चाडपर्व खर्च</td><td>१५०००</td><td>१५००००</td><td>८४००००</td><td>५०००००</td><td>१६८०००</td><td>३३२०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३१५३१३.००</td><td>३०९९४७.००</td><td>१७७७१०९.००</td><td>७९६७००.००</td><td>२३६३१६१.००</td><td>५५६२२२१.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>खाना तथा विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही निश्चित अनुपात कायम रहने गरी कानूनी मापदण्ड तयार गरी विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु. १३,०२,१९४ खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>आर्थिक सहायता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ३,५५,७७२ आर्थिक सहायता वितरण गरेका छ। आर्थिक सहायता खर्चलाई कानूनी प्रक्रिया पुराई मापदण्डको आधारमा व्यवस्थित गरिनुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **महोत्सव तथा अन्य खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. १,८५,३८० खर्च गरेको छ । यस्तो खर्च नियन्त्रण हुनुपर्दछ। | |
| ३० | | | **बार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १४५५१७२४९।७० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३१ | | | **स्थानीय तहरूको विभाज्य कोष** - प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ । | |
| ३२ | | | **आयको अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४९,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. ४५,८३,७७२.८६ अर्थात अनुमान भन्दा ६.४६ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ३३ | | | **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>३३५१३३००७</td><td>४५८३७७२.८६</td><td>१.३७</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १।३७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>प्राविधिक बिल र कार्य सम्पन्न - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>औषधी खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर आयुर्वेद औषधि रु१३१९९४० र एलोपेथिक औषधि रु १०९५५५६ समेत रु. २४१५४९६को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः
<ul>
<li>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,</li>
<li>आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,</li>
<li>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</li>
</ul></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउदा मागफाराममको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>

**कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर/ मालपोत कर</td><td>३०००००.००</td><td>२९२७०१.००</td><td>९७।७७</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>३५००००.००</td><td>३७४५११.००</td><td>१०७.०१</td></tr>
<tr><td>व्यवसाय कर</td><td>१५५०००००.००</td><td>१२९८०००.००</td><td>८३.७४</td></tr>
<tr><td>अन्य सेवा शुल्क</td><td>७०००००.००</td><td>१०७६००.००</td><td>१५।३७</td></tr>
<tr><td>सिफारिस दस्तुर</td><td>९५००००.००</td><td>१४२१४५०.००</td><td>१४९.६२</td></tr>
<tr><td>घटना दर्ता शुल्क</td><td>८५००००.००</td><td>८३७५००.००</td><td>९८.५३</td></tr>
<tr><td>दण्ड जरिवाना</td><td>२०००००.००</td><td>२५२०१०.८६</td><td>१२६.०१</td></tr>
<tr><td>जम्मा</td><td>४९०००००.००</td><td>४५८३७७२.८६</td><td>९३.५५</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारा वृद्धि गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>राजस्व वाँडफाँड - स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजस्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु<br><table>
<tr><th>आय शीर्षक</th><th>संकलित रकम</th><th>प्रदेशलाई पठाउनु पर्ने प्रतिशत</th><th>पठाएको रकम</th><th>पठाउन बाँकी रकम</th></tr>
<tr><td>विज्ञापन कर</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>दहत्तर बहत्तर शुल्क</td><td>२०३४१०५.००</td><td>४०</td><td>७३३६४२.००</td><td>८००००.००</td></tr>
<tr><td>अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
</table></td><td>८०,०००</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>सवारी कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष उठाएको देखिएन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>मनोरञ्जन कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस शीर्षकमा कुनै पनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १२,९८,००० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्रन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१</td><td></td><td></td><td>राजस्व अभिलेख - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुयाउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>हेभि मेशिनको प्रयोग - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर , रोलर ग्रेडर जस्ता हेभि मेसिनको प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमको प्रतिबन्धात्मक वाक्याम्समा लागत अनुमान तयार गर्दाको समयमा हेभि मेसिन प्रयो गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भनी सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्तो मेसिन प्रयो गर्न सकिने उल्लेख छ। पालिकाद्बारा संचालित अधिकांश सडक निर्माण तथा स्तरोन्नती गर्दा योजनाका उपभोक्ता समितिले डोजर, एक्साभेटर जस्ता हेभि मेसिन प्रयोग गर्ने गरेको भएतापनि नियमावलीको व्यवस्था वमोजिम प्राविधिकबाट सहमति लिई पालिकाबाट स्वीकृत गराएको पाइएन। यसरी नियम विपरित जटिल मेशिनको प्रयोग गर्ने कार्यमा नियन्त्रण हुनुपर्ने रु.
<table>
<tr><th>सि.न</th><th>योजनाको नाम</th><th>उपभोक्ता समितिको नाम</th><th>सम्झौता रकम</th><th>निर्माण व्याबसायीको नाम</th><th>निर्माण व्याबसायीलाई भुक्तानी रकम</th><th>जम्मा जनश्रमदान सहितको रकम</th><th>खुद भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>३ वडास्टरिय मोटरबाटो मर्मत</td><td>३ वडास्टरिय मोटरबाटो मर्मत उ.स.</td><td>५३३८३.३</td><td>अर्याल पोख्रेली ढुङ्गा उ्योग</td><td>५५३५८७.</td><td>५५३५९२.०३</td><td>४९२६५२.००</td></tr>
</table>
</td><td>१,६३४,७६४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>६ वडा स्तरिय मो.बा.मर्मत</td><td>६ वडा स्तरिय मो.बा.मर्मत उ.स.</td><td>४४०१६३.९७</td><td>खडक छत्र निर्माण सेवा</td><td>४४५२२०.</td><td>४४४१५३.९७</td><td>३९४०९०.००</td></tr>
| | | | चिसापानीढल तथा ढाटीयावारी मोटरबाटो योजना | ८०,००० | |
| | | | सरसफाइतथा सार्वजनिक सुनुवाइ कार्यक्रम | ७०,००० | |
| | | | रानाचैारफुलपारे चैापारी मर्मत | ५०,००० | |
| | | | साउनेखोला पधेरो मर्मत | ५०,००० | |
| | | | सार्वजनिकसुनुवाइ कार्यक्रम | ४०,००० | |
| | | | धाराचैारतल्लाचैार घोडेटो बाटो | ३०,००० | |
| | | | धारेकुलापछाइटोल खानेपानी योजना | ३०,००० | |
| | | | मुलढुङगा चैारी खलानडाँडा खानेपानी मुल संरक्षण | ४०,००० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>खालचौर दलित बस्ति मन्दिर निर्माण</td><td>६०,०००</td></tr>
<tr><td>खालप्रा.वि. मर्मत सुधार योजना उ.स.</td><td>५०,०००</td></tr>
<tr><td>ठुलाखोलाबाँझाखेत कुलो मर्मत योजना</td><td>५०,०००</td></tr>
<tr><td>दद्रर्यानबुढार गोरेटा बाटा</td><td>२०,०००</td></tr>
<tr><td>ठुलाखोलाखोरीया पानी टुनिपाटा सिंचाइ योजना</td><td>६०,०००</td></tr>
<tr><td>नयघरटोल भुजेलधारा सुपा देउराली मन्दीर मर्मत</td><td>६०,०००</td></tr>
<tr><td>थुम्किलामोटरवाटो ढलाइ</td><td>५०,०००</td></tr>
<tr><td>खोरापाटानाच्नेडाँडा सैरारुख बनकाटे खानेपानी पाइप खरिद</td><td>५०,०००</td></tr>
<tr><td>ठाढुङगासिंचाइ योजना</td><td>२५,०००</td></tr>
<tr><td>नयाँगाउवडाकार्यालय डकुमेन्ट्री निर्माण</td><td>५०,०००</td></tr>
<tr><td>सार्वजनिकसुनुवाइ कार्यक्रम</td><td>३०,०००</td></tr>
<tr><td>जम्मा</td><td>५६,८०,०००/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>खर्च खाता फ्रिज नगरेको - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय सञ्चित कोषमा स्वतः फिर्ता हुने व्यवस्था छ । कार्यालयले आर्थिक वर्षको अन्त्यमा चालु शिर्षकहरु रु.९६,२३,४३९ खर्च नभई खर्च खातामै मौज्दात रहेको छ ऐनको प्रावधान अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च खातामा मौज्दात रहेको रकम स्थानीय सञ्चित कोष फिर्ता हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>बोका खसि उत्पादन अनुदान - पशुविकास कार्यक्रम सञ्चालन कार्यविधि २०७४ परिछेच्द ३ को ८(१७)मा ३ वटा भन्दा बढि बोका खसि वार्षिक रुपमा सहकारी मार्फत बिक्री गर्ने किसानलाई प्रतिकिलो रु २५ का दरले उपलब्ध गराउने उल्लेख छ। पालिकाले निम्न शहकारी संस्था लिमिटेडलाई कार्यविधिले तोकेभन्दा</td><td>१७२,००४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बढि कार्यपालिकाको निर्णय २०७८/८/१५ को निर्णयअनुसार खसि बोका उत्पादन गर्ने कृषकलाई सहकारी मार्फत रु ३५का दरले वितरण गरेकोले कार्यविधि संशोधन नगरी कार्यपालिकाको निर्णयको आधारमा बढी दरमा दिइएको प्रोत्साहन रकम नियमसम्मत नदेखिएको रु.<br><br>
<table>
<tr><th>गौ.भौ.न</th><th>शहकारीकोनाम</th><th>उत्पादित परिमाण (कि.ग्रा)</th><th>कार्यविधि अनुसार पाउने</th><th>पाएको रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>५/२०७८/९/२९</td><td>मातृभुमि सेवा कृषि तथा शहकारी संस्था लिमिटेड</td><td>२९९७</td><td>७४,९२५</td><td>१,०४,८९५</td><td>२९,९७०</td></tr>
<tr><td>कृषि तथा पसु चालु</td><td>सुभन्देश उपभोक्ता शहकारी संस्था लिमिटेड</td><td>५५७१.४२</td><td>१,३९,२८५</td><td>१,९५,०००</td><td>५५,७१५</td></tr>
<tr><td></td><td>हाडहाडे कृषि तथा पशु विकास महिला शहकारी संस्था लिमिटेड</td><td>२६८४.५</td><td>६७,११२.५०</td><td>९,३९,५७५</td><td>२६,८४४</td></tr>
<tr><td></td><td>हिमचुली कृषि तथा पशु विकास महिला शहकारी संस्था लिमिटेड</td><td>१४२३</td><td>३५,५७५</td><td>४९,८०५</td><td>१४,२३०</td></tr>
<tr><td></td><td>वाग्ला कृषि तथा पशु विकास महिला शहकारी संस्था लिमिटेड</td><td>१३२४</td><td>३३,१००</td><td>४६,३४०</td><td>१३,२४०</td></tr>
<tr><td>४७५/२०७९/३/२५</td><td>मातृभुमि सेवा कृषि तथा शहकारी संस्था लिमिटेड</td><td>३२००.५</td><td>८०,०१२.५०</td><td>१,१२,०१७.५</td><td>३२,००५</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१,७२,००४</td></tr>
</table></td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>प्रयोगशाला सामान खरीद</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ७५.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले लागत अनुमान र स्पेसिफिकेसन समेत नबनाई हेमाटोलोजी एनालाईजर, ईलेक्ट्रोलाईट एनालाईजर तथा यू.एस.जी. दरभाउपत्रको माध्यमबाट आर.एन.ए. वायोमेडिकल सोलुसन प्रा.ली. सँगबाटखरीद गरी गो.भौ.५३।०७९।३।२० बाट रु.८७४६२०.०० भुक्तानी दिएको पाईयो । पालिकाले फर्मसँग माग गरेको दररेट र २०७९।२।१९ मा भएको सम्झौता अनुसारको स्पेसिफिकेसन अनुसार फर्मले विजक जारी नगरेको एवं जिन्सि दाखिलामा समेत उल्लेख गरेको पाईएन । यसरी लागत अनुमान एवं स्पेशिफिकेशन विना बर्षान्तमा खरीद गर्दा खरीद प्रकृया प्रतिश्पर्धी, पारदर्शि र मितव्ययी छ भनी आश्वस्त हुन सकिएन । अतः यस्तो खरीद रकम नियमसम्मत नदेखिएको, रु. | ८७४,६२० |
| ७५.२ | | | पालिकाले फर्मबाट खरीद भएका औषधी, स्वास्थ्य सामाग्री तथा उपकणहरु आपूर्ति पश्चात् सम्वन्धित प्राविधिकले गुणस्तर परीक्षण गरेर मात्रै जिन्सि दाखिला र रकम भुक्तानी गर्नुपर्दछ । तर पालिकाले गुणस्तर परिक्षण नगराई भुक्तानी दिएकोले प्राप्त सामानको गुणस्तर सम्वन्धमा आश्वस्त हुन सकिएन । | |
| ७५.३ | | | नेपाल सरकार मन्त्रीपरीषद्को २०७७/७/२० को निर्णय अनुसार सबै तहको सरकारी कार्यालयहरूको सार्वजनिक सम्पत्तीको लेखाङ्कन, प्रतिवेदन र एकिकृत विवरण तयार गर्न संघ र प्रदेशका सवै सरकारी कार्यालयहरू एवं सवै स्थानीय तहमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) आर्थिक वर्ष २०७७/७८ देखि अनिवार्य रूपमा लागू गरेको छ ।पालिकाले यो आर्थिक वर्षमा खरीद गरेको औषधि, मेडिकल सामानहरु र उपकरण पालिकाको केन्द्रिय जिन्सि खाता अन्तर्गत PAMS मा दाखिला गरेको छैन । अतः सो सम्वन्धमा सुधार हुनुपर्दछ । | |
| ७५.४ | | | मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (एक्काइसौं संशोधन) को नियम ६(ग) मा सरकारी निकाय वा नेपालसरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको तिस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले उल्लेखित फर्मबाट खरिद गरेको सामानकोतिस प्रतिशत मूल्य अभिवृद्धि कर कट्टा नगरी भुक्तानी दिएको पाईएको साथै निज फर्मले पेश गरेको विजक नं३४।०७९।२।१९ हातले केरमेट समेत गरेको पाईयो । अतः आर.एन.ए. वायोमेडिकल सोलुसन प्रा.ली (६१०१७३७०५)लाई भुक्तानी गरेको मूल्य अभिवृद्धि कर रकम रु.१००६२०.०० को कर समायोजन पत्र पेश हुनुपर्ने, रु. | १००,६२० |
| ७६ | १४४ | २०७८-१०-३ | **बैठक भत्ता** - कार्य संचालन निर्देशिका, २०७७ ( आठौं संस्करण) को परिच्छेद ७ को दफा ७.१.१ बुदा नं. ६ मा अर्थ मन्त्रालयको बैठक भत्ता मापदण्डमा सार्वजनिक निकाय/ आयोजनामा बैठकमा आमन्त्रित सदस्यका रूपमा थप व्यक्तिहरु राख्न नपाइने र आवश्यक परेको अवस्थामा मात्र बढीमा ३ जना सम्म आमन्त्रित | ३४,५०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सदस्यलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था रहेको छ। तर यस पालिकाले गो भौ नं १४४ मिति २०७८।१०।०३ मा विभिन्न मितिमा ठेक्का प्रक्रिया बैठक र मूल्याङ्कन समिति बैठक भनी रु १५०० का दरले १७ बैठक गरेको र प्रत्येकमा ५-६ जना आमन्त्रित व्यक्ति राखी बढी खर्च लेखेको देखियो। साथै मूल्याङ्कन समिति बैठक भनी एकै मिति र समय २०७८।०५।२२ गते बिहान ८ बजे बसेको ३ बैठकका दरले भुक्तानी गरी बढी खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>भ्रमण खर्च - भ्रमण खर्च नियमावली, २०६४ (चौथो संशोधन सहित) को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था गरेको छ। यस कार्यालयले देहायका कर्मचारीलाई दैनिक भ्रमण खर्च भुक्तानी गर्दा स्थानीय भत्ता कट्टी गरेको देखिएन।यसरी बढी भुक्तानी भएको रकम सम्बन्धित कर्मचारीबाट असूल गर्ने रु
<table>
<tr><th>सि नं</th><th>कर्मचारीको नाम, पद</th><th>भ्रमण गरेको दिन</th><th>स्थानीय भत्ता दर</th><th>रकम</th></tr>
<tr><td>१</td><td>काशिराम पन्थी</td><td>६९</td><td>२७००</td><td>६२१०.००</td></tr>
<tr><td>२</td><td>कमल महत</td><td>३५</td><td>१८६०</td><td>२१७०.००</td></tr>
<tr><td>३</td><td>कमल जि सी</td><td>२१</td><td>२५८०</td><td>१८०६.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१०१८६.००</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु. १०७६१।- सम्परीक्षण गरिएको।)</td><td>१०,१८६</td></tr>
<tr><td>७८</td><td></td><td></td><td>अनुगमन भत्ता - लुम्बिनी प्रदेश अन्तरगत स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ को दफा १४(२) मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐन निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन पाउने छैन भन्ने उल्लेख छ। सो ऐनमा गाउँपालिका तथा वडाका योजनाहरुको अनुगमन गरे वापत पदाधिकारीहरुलाई अनुगमन भत्ता भुक्तानी गर्न मिल्ने देखिदैन। गाउँपालिका योजनाहरुको अनुगमन गरेवापत पदाधिकारी</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तथा कर्मचारीहरुलाई भुक्तानी दिइएकोमा अनुगमन कार्यविधि तयार नगरेको, अनुगमन समिति गठन नगरेको र अनुगमन गर्दा योजनागत रुपमा अनुगमन गरी योजनाको सम्बन्धमा देखिएका व्यहोरा तथा योजनाको सरोकार पक्षसँग भएको छलफलको व्यहोरा उल्लेख नगरी प्रतिवेदन समेत तयार नगरी खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><th>गौ.भौ.न /मिति</th><th>विवरण</th><th>संख्या जना</th><th>रकम</th></tr>
<tr><td>१३५/२०७८/९/२९ चालु गा.पा</td><td>योजना अनुगमन</td><td>१३</td><td>९९,०००</td></tr>
<tr><td>४४४/२०७९/३/२४ चालु गा.पा</td><td>योजनास्तरमा अनुगमन</td><td>१३</td><td>३५,०००</td></tr>
<tr><td>४६१/२०७९/३/२५चालु गा.पा</td><td>विभिन्न योजनाको अनुगमन</td><td>१६</td><td>६,१९,५००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७,५३,५००/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>दोहोरो अनुदान - पशुविकास कार्यक्रम सञ्चालन कार्यविधि२०७४ को अनुसूची १७ (२)मा कुखुरा खोर सुधारको लागी १०,००० प्रति परिवार उपलब्ध गराउने उल्लेख छ।पालिकाले कृषि तथा पशुशाखाको कुखुरा खोर सुधारको कार्यक्रमबाट अनुदान प्राप्त गरेका निम्न कृषकलाई पुन गा.पा चालुको गौ,भौ.न ४१२/२०७९/३/२३ बाट कुखुरा खोर सुधारको अनुदान दिएकोले दोहोरो भएको अनुदान असुल गर्नुपर्ने रु.
<table>
<tr><th>अनुदान प्राप्त गर्नेको नाम</th><th>अनुदान विवरण</th><th>रकम</th></tr>
<tr><td>मिना कुंबर</td><td>कुखुरा खोर सुधारको अनुदन</td><td>१५,०००</td></tr>
<tr><td>डिलु पाध्य</td><td>कुखुरा खोर सुधारको अनुदन</td><td>१५,०००</td></tr>
</table></td><td>४५,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>धुर्व पोखरेल</td><td>कुखुरा खोर सुधारको अनुदन</td><td>१५,०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४५,०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>असम्बन्धित खर्च - पालिकाले वार्षिक स्वीकृत कार्यक्रमअनुसार खर्च गर्नुपर्दछ।पालिकाले आ.ब २०७८/७९ को गाउँपालिकाको वार्षिक नीति,कार्यक्रम तथा बजेटमा विपद कोषमा गा.पा बाट रु ५८,४१,०००/- , संघ समानिकरणबाट रु.७,५०,००० र प्रदेश समानिकरण अनुदान बाट रु.२,७९,००० गरी जम्मा रु. ६८,७०,०००/- बजेट विनियोजन गरेकोमा बिनियोजित रकम सम्बन्धित कोषमा ट्रान्सफर नगरी गौ.भौ न. ४०५/२०७९/३/२३ चालु शिर्षकबाट रु.१९,६०,०००/- प्रकोप जन्य निजी आवास अनुदान खर्च लेखेको छ।उक्त रकम प्रकोपकोषबाट खर्च लेख्नुपर्नेमा बिनियोजित रकम ट्रान्सफर समेत नगरी चालु शिर्षकबाट खर्च लेखेकोले अनियमित भएको रु.</td><td>१,९६०,०००</td></tr>
<tr><td>८१</td><td></td><td></td><td>वडा कार्यालयबाट खरिद - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाको को खरिद व्यवस्थापन सम्बन्धमा परीक्षण गर्दा वडा कार्यालयको लागि आवश्यक सामग्री खरिद गर्दा वडा कार्यालय आफैले माग फारम तयार गर्ने, खरिद आदेश दिने, वडामै जिन्सी दाखिला भएको भनी विल सहित भुक्तानीको लागि माग गरेको आधारमा कार्यालयले भुक्तानी दिएको देखियो। बजेट संचालन गर्ने निकायवाट सामग्री खरिद गरी जिन्सी अभिलेखमा चढाई हस्तान्तरण मार्फत वडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको सामग्री जिन्सी आम्दानी गर्नुपर्नेमा सो नगरेको कारण एकिकृत जिन्सी अभिलेख तयार भएको देखिएन। बजेट संचालन नगर्ने निकायवाट गरेको खरिद एकिकृत जिन्सी अभिलेख खातामा आम्दानी बाध्नुपर्ने रु.<br><br><table>
<tr><th>गौ.भौ.नमिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>४२१/२०७९/३/२४ चालु</td><td>पर्दा लगायतको सामान वडा न.५</td><td>५०,०००</td></tr>
<tr><td>२५१/२०७९/३/१६ पूजिगत</td><td>सिसि क्यामेरा, डिजिटल बोर्ड वडा न.२</td><td>५,००,०००</td></tr>
<tr><td>२८०/२०७९/३/१६ पूजिगत</td><td>ल्याटप खरिद वडा न.३</td><td>७५,०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६,२५,०००</td></tr>
</table></td><td>६२५,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८२</td><td></td><td></td><td>क्याम्पसलाई अनुदान - शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन निर्देशिकामा स्थानीय तहवाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक बिद्यालय तहसम्म तलव तथा अन्य बिद्यालय गतिविधिसंग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ । सो विपरित योजना परिवर्तन गरी अन्य शिर्षकबाट निम्न शिर्षकमा क्याम्पसलाई रु. ६,७०,४१३/- अनुदान दिएको छ । भर्ना, मासिक शुल्क लगायत बिभिन्न शुल्क उठाउने गरेको क्याम्पसले बिश्वबिद्यालयबाट अनुदान तथा प्रदेश सरकारवाट समेत अनुदान पाउने गरेकोमा गाउँपालिकाको कार्यक्षेत्र बाहिर गई क्याम्सलाई अनुदान दिएको नियमसम्मत नदेखिएको रु.<br><br>
<table>
<tr><th>क्याम्पसको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>परमान्द भण्डारी बहुमुखि क्याम्पस</td><td>पूर्वाधार निर्माण</td><td>४,९५,४१३</td></tr>
<tr><td>परमान्द भण्डारी बहुमुखि क्याम्पस</td><td>विद्यार्थिहरुका लागी अध्ययन अवलोकन भ्रमण</td><td>१,७५,०००</td></tr>
</table></td><td>६७०,४१३</td></tr>
<tr><td>८३</td><td></td><td></td><td>नाफामुलक संस्थालाइ अनुदान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका सहकारी संस्थाको लागि यसवर्ष रु४,१३,८००/- खर्च लेखेको छ । यसरी निश्चित संख्यामा सदस्य रहने सहकारी संस्थामा लगानी गर्ने परिपाटीको अन्त्य गरिनु पर्दछ।<br><br>
<table>
<tr><th>संस्थाको नाम</th><th>कामको विवरण</th><th>लागत अनुमान</th><th>गा.पा बाट भुक्तानी</th></tr>
<tr><td>हिमचुली कृषि तथा पशु विकास महिला सहकारी संस्था लि</td><td>भवन निर्माण</td><td>३,४५,८५६</td><td>३,००,०००</td></tr>
<tr><td>महिला साना किसान कृषि</td><td>कार्यक्रम खर्च</td><td>१,१३,८००</td><td>१,१३,८००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | |
|---|---|
| **जम्मा** | ४,१३,८००/- |

</td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>

**बैठक भत्ता** - धुर्कोट गाउँपालिकाको कार्यसंचालन निर्देशिका २०७७ को बुदा न. ४(ग)मा अन्य पदाधिकारी वा कर्मचारीको अध्यक्षता हुने बैठकमा प्रति बैठक रु. एकहजार दुई सय रुपैयाले भुक्तानी गर्नुपर्ने व्यवस्था छ।नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्न बैठकहरुमा कर्मचारीको अध्यक्षतामा भएको बैठकमा निर्देशिकाले तोकेभन्दा बढी(पन्ध्र सय) मा बैठक भत्ता उपलब्ध गराएकोले बढी उपलब्ध भएको बैठक भत्ता असुल गर्नुपर्ने रु.

| **गौ.भौ.न मिति** | **पदाधिकारीको नाम** | **बैठकसंख्या** | **निर्देशिका अनुसार पाउने बैठक भत्ता करकट्टी बाहेक** | **पाएको बैठक भत्ता बैठक भत्ता करकट्टी बाहेक** | **बढि भत्ता** |
|---|---|---|---|---|---|
| | तुल्सीराम पौडेल | १३ | १३२६० | १६५७५ | ३३१५ |
| जम्मा | | | | | ७४९५० |

*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु. ७१६३५।- सम्परीक्षण गरिएको ।)*

</td><td>३,३१५</td></tr>
<tr><td>८५</td><td></td><td></td><td>

**परिश्रमिक कर** - आयकर ऐन, २०५८ को दफा ८७ (१)अनुसार आयमा लाग्ने पारिश्रमिक करको गणना गर्दा करयोग्य आयको पहिलो एकलाखमा १० प्रतिशत, दोश्रो २ लाखमा २० प्रतिशत, पारिश्रमिक करकट्टा गर्नुपर्ने व्यवस्था छ ।स्वास्थ्य संस्थामा कार्यरत निम्न कर्मचारीहरुको पारिश्रमिक कर गणना गर्दा ऐन बमोजिम रु. करकट्टि गर्नुपर्नेमा रु. मात्र पारिश्रमिक कर कट्टा गरेकोले नपुग पारिश्रमिक कर रु. असुल गर्नुपर्ने रु.

| ***कर्मचारीको नामथर*** | ***बार्षिक आय*** | ***आयकरछुट रकम*** | ***कर योग्य आय*** | ***गर्नुपर्ने कट्टि*** | ***गरेको कट्टि*** | ***नपुग कर*** |
|---|---|---|---|---|---|---|
| श्याम कार्कि अधिकृत छैटौ | ७,९९,९९८ | ६,३७,६६४ | ६२,३३४ | १०,७३३ | ४,५०० | ६,२३३ |

</td><td>२७,८२२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गिरीराज अर्याल अधिकृत छैटौ</td><td>६,३७,८२६</td><td>५,७८,५४४</td><td>५९,२८२</td><td>९,९२८</td><td>४,५००</td><td>५,४२८</td></tr>
<tr><td>छविलाल विश्वकर्मा अधिकृत छैटौ</td><td>५०३८७०</td><td>४,५०,०००</td><td>५३,८७०</td><td>९,८८७</td><td>४,५००</td><td>५,३८७</td></tr>
<tr><td>अन्जली गौतम कृषि अधिकृत</td><td>५,०३,८७०</td><td>४,००,०००</td><td>१,०३,८७०</td><td>१४,७७४</td><td>४,०००</td><td>१०,७७४</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>२७,८२२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>अन्य सुविधा - लुम्बिनी प्रदेश अन्तरगर्त स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ को दफा १४ (२) मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐन निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन पाउने छैन भन्ने उल्लेख छ। गाउँपालिका जननिर्वाचित जनप्रतिनिधिहरुको अभिमुखिकरण कार्यक्रममा बैठक भत्ता (करकट्टि बाहेक) रु १,०५,४००/- ७६ जना जनप्रतिनिधिले लिएको पाइयो अभिमुखिकरण कार्यक्रममा बैठक खर्च पाउने आधार र ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिएकोले नियमसम्मत नदेखिउको रु.</td><td>१०५,४००</td></tr>
<tr><td>८७</td><td></td><td></td><td>मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम</td><td></td></tr>
<tr><td>८७.१</td><td></td><td></td><td>मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत देखिएका अन्य व्यहोरा देहाय बमोजिम छन:
<table>
<tr><th>सि. नं</th><th>कार्यक्रम</th><th>देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१</td><td>धुर मा. वि. तारवार तथा गेट निर्माण उपभोक्ता समिति</td><td>खर्च सार्वजनिक नगरेको</td><td>२४०३७२.००</td></tr>
<tr><td>२</td><td>फुलवारी प्रा वि कम्प्युटर तथा प्रिन्टर खरिद कार्यक्रम</td><td>प्राविधिकको मूल्याङ्कन प्रतिवेदन,जिन्सी दाखिला प्रतिवेदन पेश नभएको</td><td>१४७७५०.००</td></tr>
<tr><td>३</td><td>इन्दिरा मा. वि. फर्निचर निर्माण उपभोक्ता समिति</td><td>वडा सिफारिस तथा वडा स्तरिय अनुगमन प्रतिवेदन विना भुक्तानी</td><td>३८९१२३.००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>७७७२४५.००</td></tr></table></td><td></td></tr>
<tr><td>८७.२</td><td></td><td></td><td>धराली प्रा.वि. मर्मत सुधार उपभोक्ता समितिको बिल र कार्य सम्पन्न मूल्याङ्कन रू ८१५९५.७८ र लागत सहभागिता र करकट्टी गरी खुद भुक्तानी दिनुपर्ने रू ७३४३६.२० मा टिप्पणी तथा सम्झौता पत्रमा रू १,६५,७५० रकम लेखी भुक्तानी आदेश दिदा धराली प्रा.वि. मर्मत सुधार उपभोक्ता समितिलाई बिल भरपाई भन्दा बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रू</td><td>७४,६१७.८</td></tr>
<tr><td>८८</td><td></td><td></td><td>सव कन्ट्याक्टरबाट काम गराएको - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले ग्राभेलको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम भएको अनियमित भएको रु
<table>
<tr><th>गो.भौ नं/मिति</th><th>उपभोक्ताको नाम</th><th>भुक्तानी रकम</th><th>निर्माण व्यवसायीको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३/ २०७९।०३।१२</td><td>सालघारी पिडल्नेडाडा कोप्चे खेलमैदान रातापोखरा सडक निर्माण योजना वडा नं ४ र ६ उपभोक्ता समिति</td><td>६९०१४५.००</td><td>खड्क छत्र निर्माण सेवा</td><td>७४२४१०.००</td></tr>
<tr><td>५४/ २०७९।०३।२५</td><td>नयाँगाउँ मा. वि. ठूलिचौर भर्याखर्क बालचेतना प्रा. वि. सम्मको मो बा</td><td>४१२२८७.००</td><td>काफलपानी कन्स्ट्रक्सन एण्ड सप्लायर्स</td><td>२६८९४०.००</td></tr>
</table></td><td>१,२८९,३००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>धुर्कोट १ उपभोक्ता समिति</td><td></td><td></td><td></td></tr>
<tr><td>५२/ २०७९।०३।२४</td><td>हाडहाडे कभर्ड हल निर्माण उपभोक्ता समिति</td><td>४८९८९७.००</td><td>सुजता कन्स्ट्रक्सन प्रा लि</td><td>५१९८०.००</td></tr>
<tr><td>४२/ २०७९।०३।२४</td><td>बर्दवास सिमलपाटा सामुदायिक भवन निर्माण उपभोक्ता समिति</td><td>४८७१८५.००</td><td>सुजता कन्स्ट्रक्सन प्रा लि</td><td>२५९९०.००</td></tr>
<tr><td>४९/ २०७९।०३।२४</td><td>थाम दुर्गा मन्दिर भगवती खड्क छत्र र भण्डारी कुल मन्दिर मर्मत सम्भार योजना उपभोक्ता समिति</td><td>७८१९०९.००</td><td>रूरू कन्स्ट्रक्सन प्रा लि</td><td>२०००१०.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१२८९३००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८९</td><td></td><td></td><td>वन पैदावार आय असूल नभएको - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ -ख_ मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९० | | | **कुखुरा खोर निर्माण अनुदान** - पशुविकास कार्यक्रम सञ्चालन कार्यविधि२०७४ को अनुसूची १७ (२)मा कुखुरा खोर सुधारको लागी १०,००० प्रति परिवार उपलब्ध गराउने उल्लेख छ। पालिकाले कुखुरा खोर सुधारको लागी १० किसानलाई कार्यपालिकाले निर्णय गरी कर्यिविधिले तोकेभन्दा बढी दर रु.१५,००० का दरले भक्तानी गरेको छ। कार्यविधि संशोधन नगरी कार्यपालिकाको निर्णयको आधारमा बढी दर ५००० का दरले १० जनालाई रु ५०,००० दिइएको प्रोत्साहन रकम नियमसम्मत नदेखिएको | ५०,००० |
| ९१ | | | **जनप्रतिनिधि अभिमुखिकरण**<br><br>*.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु.३०००।- सम्परीक्षण गरिएको ।)* | ० |
| ९२ | | | **रोजगार सामाग्री** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी तथा जनसहभागिता रकम घटाई वाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।धुर्कोट गाउँपालिका-७ वाग्लामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका ज्यामीलाई काममा लगाई कार्य गर्ने र सामानको रकम पालिकाले उपलव्ध गराउने गरी रु.१११५४०.०० को लागत अनुमान तयारमा २०७८।१२।१५ देखि २०७९।३।१४ सम्म कार्य सम्पन्न गर्ने गरी उपभोक्तासँग सम्झौता भएको पाईयो । सम्झौता अनुसारको कार्य सम्पन्न गरेको आधारमा उपभोक्ता समितिले रु.१८२४५२.२७ को कार्यसम्पन्न पेश गरेकोमा लागत अनुमान तथा मूल्याङ्कनमा समावेश भएको ज्यामी दर प्रधानमन्त्री रोजगार कार्यक्रमको भन्दा बढि रहेकोले सो रकम घटाई हुन आउने रकम रु.६८७०९.७७ मात्रै उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्नेमा संघिय समानिकरण अनुदानको गो.भौ४०३।०७९।३।२४ बाट रु.८१०४६.०० भुक्तानी दिएको पाईएकोले उक्त बढी भुक्तानी रकम रु.१२३३६.०० उपभोक्ता समितिबाट असूल गर्नुपर्ने, रु. | १२,३३६ |
| ९३ | | | **Lighting Arrester खरीद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले लागत अनुमान र स्पेसिफिकेसन समेत नबनाई २ थान Lighting Arrester दरभाउपत्रको माध्यमबाट गण्डकी नेशनल ईन्जिनियरीङ्ग सोलुसन प्रा.ली. सँगबाटखरीद गरी गो.भौ.१।०७९।३।२३ बाट रु.९९४९९९.०० भुक्तानी दिएको पाईयो । पालिकाले फर्मसँग २०७९।३।१ मा भएको सम्झौता अनुसार २ बर्षको ग्यारेण्टि समेत हुनुपर्ने उल्लेख छ तर फर्मले सोको ग्यारेण्टि समेत पेश गरेको पाईएन । यसरी लागत अनुमान एवं स्पेशिफिकेशन विना खरीद गर्दा खरीद प्रकृया प्रतिशपर्धि र पारदर्शि छ भनी आश्वस्त हुन सकिएन । अतः यस्तो खरीद रकम नियमसम्मत नदेखिएको, रु. | ९९४,९९९ |
| ९४ | | | **प्रतिस्पर्धा बेगर सोझैखरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने, साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा सार्वजनिक निकायले बीस लाख रुपैया सम्मको औषधीजन्य मालसामान वा नेपालमा उत्पादित पन्ध्र लाख रुपैया सम्मको मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रीय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सक्ने र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यो बर्ष देहायबमोजिम रु.१३३५१०९।- बराबरको कार्य सोझै खरिद गरेको छ । एकै पटक खरिद गरी | १,३३५,१०९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रतिस्पर्धात्मक मूल्यमा वस्तु प्राप्त गर्नुपर्नेमा लागत अनुमान र स्पेशिफिकेशन वेगर पटक पटक सामान खरिदगर्दागुणस्तरीय र प्रतिस्पर्धी मूल्यमा सामान प्राप्त भयो भन्न सक्ने अवस्था नरहने हुदाँ सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु<br><br>
<table>
<tr><td>भौ.नं. र मिति</td><td>खरिद विवरण</td><td>आपूर्तिकर्ता</td><td>रकम</td></tr>
<tr><td>१०|०७८|१२|९</td><td>स्टेपलाईजर खरीद</td><td>हाईस्पिड कम्प्युटर</td><td>३९००६५.</td></tr>
<tr><td>१७|०७८|१२|३०</td><td>ल्यापटप खरीद</td><td>हाईस्पिड कम्प्युटर</td><td>१६०४७६.</td></tr>
<tr><td>६२|०७९|३|४</td><td>सोलार खरीद</td><td>स्मार्ट सोलार</td><td>२९७४९९.</td></tr>
<tr><td>११९|०७८|१२|३०</td><td>सडक मर्मत</td><td>कालापानी कं.प्रा.ली.</td><td>४८७०६९.</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१३३५१०९.</td></tr>
</table></td><td></td></tr>
<tr><td>९५</td><td></td><td></td><td>पशु स्वास्थ्य शिविर - पालिकाले विभिन्न मितिमा सबै वडाहरुमा पशु स्वास्थ्य शिविर सञ्चालन गरेबापत रु. २,८९,६५९ मूल्य बराबरका औषधिहरु खरिद गरेको छ । शिविर समाप्त भए पश्चात बाँकी रहेका औषधिहरुलाई पालिकाले पुन आम्दानी बाँध्नुपर्नेमा सो आम्दानी बाँधेको नदेखिएकोले बाँकी परिमाण एकिन गरी आम्दनी जनाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>९६</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td><td></td></tr>
<tr><td>९६.१</td><td></td><td></td><td>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा नहर निर्माण, सडक मर्मत, पर्खाल निर्माण, खेल</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मैदान निर्माण लगायतका कार्यक्रम सञ्चालनको लागि रु.२६१२८०००.०० वजेट विनियोजन भएकोमा ६१२ जनालाई ७ दिन देखि १०० दिनसम्मको रोजगारी उपलव्ध गराई श्रमिक ज्यालामा रु.१८३६४१७९.०० खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ । वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम केन्द्रित हुनु पर्दछ । | |
| ९६.२ | | | प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ । | |
| ९६.३ | | | निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विषेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यवन गरेको नपाईएकोले कानूनमा भएको व्यवस्था बमोजिम सार्वजनिक सुनुवाई हुनु पर्दछ। | |
| ९७ | | | **तलवी भरपाई** - शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १२६ (ङ) मा शिक्षकहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने कार्य विद्यालय शिक्षक किताबखानाबाट हुने व्यवस्था छ । यसरी पारीत तलवी प्रतिवेदन अनुसार सामुदायिक विद्यालयहरुले आफ्नो विद्यालयमा कार्यारत शिक्षकहरुको तलवी माग फारम पेश गर्दा अगाडिको चौमासिकको तलवी भरपाई एवं सामाजीक सुरक्षा र पारीश्रमिक कर कट्टा दाखिलाको प्रमाण सहित पेश गर्नुपर्ने व्यवस्था छ । तर पालिका अन्तर्गतका केहि विद्यालयहरुले पूर्ण रुपमा सोको कार्यान्वयन गरेको पाईएन जसले गर्दा तलवी माग फारम र खर्च यथार्थपरक छ भन्न सकिएन । अतः तत्सम्वन्धमा सुधार हुनपर्ने देखिन्छ । | |
| ९८ | | | **कालिका मन्दिर** | |
| ९८.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी तथा जनसहभागिता रकम घटाई वाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।धुर्कोट गाउपालिका, ५ मा कालिका मन्दिर निर्माणको लागि पालिका र मन्दिर उपभोक्ता समिति विच २०७८।११।११ मा सम्झौता भई निर्माण कार्य भएको पाईयो । सो सम्वन्धमा देखिएका विवरण देहायअनुसार छन् । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९८.२ | | | कालिका मन्दिर निर्माणको लागि रु.३७६४२०५.०० को लागत मध्ये पर्यटन कार्यक्रमबाट रु.२५०००००.००, संस्कृति पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयबाट रु.५०००००.००, संघिय समानिकरण अनुदानबाट रु.५०००००.००, उपभोक्ता समितिबाट रु.२६४२०५.०० व्यहोर्ने गरी पालिका र कालिका मन्दिर धुर्कोट ५ वस्तु उपभोक्ता समिति विच सम्झौता भएको पाईयो । मन्दिरको लागत अनुमानमा सालको काठ ०.८८ क्युव मी. को हुने रु.२१४७७४.२१ र टुँडाल एवं आँखिझ्यालको गरी रु.१०७५९४४.०५ देखाएको र मिति २०७९।३।२५ को कार्यसम्पन्न प्रतिवेदनमा समेत सोहि परीमाण र सोको हुने रकम मात्रै उल्लेख छ । तर मन्दिर उपभोक्ता समितिले पेश गरेको विल भरपाईमा सालको काठ रु.५७५९४४.०५ र टुँडाल एवं आँखिझ्यालको गरी रु.११५७१२०.०० को पेश गरी प्राविधिक विल बरावरको विल भरपाई पेश गरेको छ । जसअनुसार सालको काठमा रु.३६११६९.८४ र टुँडाल एवं आँखिझ्यालमा रु.८१३६०.०० गरी जम्मा रु.४४२५२९.८४ बढी खर्च दावि गरेको र सोहि अनुसारको भुक्तानी दिएको पाईयो । यसरी विल भरपाई र कार्यसम्पन्न बीच तादम्यता नदेखिएको रकम नियमसम्मत नदेखिएकोरु. | ४४२,५२९.८४ |
| ९८.३ | | | पालिकालाई संघिय शसर्त पूँजिगत वजेटमा रु.५०००००.०० विनियोजित भएकोमा पुनः रु.२५०००००.०० वजेट थप भई रु.३००००००.०० कायम भएको देखिन्छ । तर पालिकाले प्रथम विलको गो.भौ.२६।०७९।३।१० बाट रु.२१८९९१४.०० र अन्तिम विलको गो.भौ.७५।०७९।३।२५ बाट रु.३९४०००.०० र गो.भौ.७६।०७९।३।२५ बाट रु.५०००००.०० गरी जम्मा रु.३०८३९१४.०० भुक्तानी खर्च लेखेको छ । यसरी एक शिर्षकमा विनियोजित रकम भन्दा बढि खर्च लेख्दा अन्य खर्चमा समेत असर पार्ने देखिन्छ । यसरी विनियोजित रकम भन्दा बढि खर्च रकम रु.८३९२४.०० नियमसम्मत नदेखिएको, रु. | ८३,९२४ |
| ९८.४ | | | पालिकाले मन्दिर निर्माणको अन्तिम विल एवं प्राप्त कार्यसम्पन्न अनुसार रु.३७६३२२३.५९ बाट खर्चको स्रोत अनुसारको कन्टिन्जेन्सि रकम कट्टा गरी उपभोक्तालाई भुक्तानी गर्नुपर्ने देखिन्छ । तर नगरपालिकाले संघिय वजेट तर्फबाट व्यहोरीने अंशमा कन्टिन्जेन्सि रकम रु.१२००००.०० र पालिका वजेटबाट रु.२००००.०० कट्टा गरी भुक्तानी दिनुपर्ने देखिन्छ । तर पालिकाले गाउँपालिका पूँजिगतबाट मात्रै कूल १४००००.०० कट्टा गरी गो.भौ.४२८।०७९।३।२५ बाट रु.३५९३६५.०० भुक्तानी दिएको छ । अतः संघिय वजेटबाट कट्टा गर्नुपर्ने रकम पालिका वजेटबाट कट्टा गरेर खर्च नगरी राखेको रकम रु.१२००००.०० संघिय संचित कोषमा दाखिला हुने, रु. | १२०,००० |
| ९९ | | | **दर्ता चलानी अभिमुखिकरण**<br><br>*...........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु.२०००।- सम्परीक्षण गरिएको ।)* | ० |
| १०० | | | **कोभिड प्रभावित राहत कार्यक्रम** - कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ को दफा ३ मा कोभिड १९ को महामारी नियन्त्रणको लागि भएको बन्दाबन्दीको कारण रोजगारी गुमाएका र नेपाल सरकारबाट कुनै प्रकारको लाभ प्राप्त नगरेका नेपालि नागरीकहरुलाई पहिचान गरी प्रति परिवार रु. दश हजारको दरले राहत रकम वितरण गर्नुपर्ने उल्लेख छ । त्यस्तै दफा ५ मा यस्तो राहत रकम हस्तान्तरणको लागि सम्वन्धित | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकको वडा कार्यालयमा निवेदन पेश गर्ने गरी राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना आव्हान गर्नुपर्ने र सो सूचनाको जानकारी सम्वन्धित स्थानिय तहको वेवसाईटमा समेत राख्नुपर्ने उल्लेख छ । उक्त सूचनाको आधारमा पालिकाको सम्वन्धित वडामा प्राप्त निवेदनको प्रकृति हेरि वडा अध्यक्षले पालिकालाई सिफारीस गर्ने र सोको आधारमा रितपूर्वकको निवेदन यकिन भएका लाभग्राहिको नामावली सम्वन्धित पालिकाको प्रमुख प्रशासकिय अधिकृतले दावि बिरोधका लागि तिन दिनको समयावधि दिई सूचि सार्वजनिक गर्नुपर्ने उल्लेख छ । यसरी सूचना जारी गर्दा सम्वन्धित स्थानिय तह र वडा कार्यालयको सूचना पाटि एवं वेवसाईटमा समेत राख्नुपर्ने उल्लेख छ । पालिकाले यस बर्ष उक्त राहत रकम विभिन्न १५० घरधुरीलाई विभिन्न गोशवारा भौचरहरुबाट रु १५०८२७०/- वितरण गरेको देखिएकोमा निवेदकले पेन्सन वा सामाजिक सुरक्षा अन्तर्गतको भत्ता प्राप्त गरे नगरेको आदि खुलेको निवेदन संकलन नगरेको, प्रधानमन्त्री रोजगार कार्यक्रममा संलग्न रहे नरहेको वारेमा निर्णय प्रकृयामा उल्लेख गरेको पाईएन । साथै पालिकाले अन्तर्गतका सवै वडाहरु समेटेर राहत वितरण गर्नुपर्नेमा वडा नं १, २ र ६ मा मात्रै राहत वितरण गरेकोमा अन्य वडाको सम्वन्धमा उल्लेख गरेको छैन । यसरी राहत वितरण निर्णय गर्दा उल्लेखित कुराहरुमा समेत ध्यान दिनुपर्ने देखिन्छ । | |
| १०१ | | | **आन्तरिक आम्दानी -** पालिकाले यस वर्ष निम्न ६ वटा खोलाको आम्दानी ठक्का लगाई सम्झौता गरेको छ। यसरी भएको सम्झौताको शर्त अनुसार असुल गर्नु पर्नेमा निम्न सप्लायर्सबाट रु.८,१८,३००/- लेखापरीक्षण अवधि २०७९।०५।२५ सम्म पनि असूल भएको पाइएन। सम्झौताको दफा १० मा सम्झौता अनुसारको रकम दाखिला नगरेमा परफरमेन्स वण्ड रकमबाट असुल गर्नुपर्ने उल्लेख भएकोमा कृषि विकास बैंकमा रहेको परफरमेन्स वण्डको अवधि २०७९।०६।३० सम्म मात्र भएकोले अविलम्व असूल गर्नु पर्ने रु | ८१८,३०० |

| सि. नं. | ठेक्का लागेको खोला | व्यवसायीको नाम | सम्झौता रकम | बुझाएको रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | पनाहा खोला ठुल्दी देखि जुरे ढुङ्गा सम्म | सुजता कन्ट्रक्सन तम्घास गुल्मी | ५९०१०५ | ५९०१०५ | ० |
| २ | पनाहा खोला कपासे देखि ठुल्दी सम्म | आकृति मालिका कन्स्ट्रक्सन प्रा.लि. | १०५००० | १०५००० | ० |
| ३ | छल्दीखोला हुलाके देखि सिमलटारी सम्म | श्रेष्ठ कन्स्ट्रक्सन प्रा.लि. | १९६३००० | ११४५००० | ८१८००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>जुरे ढुङ्गा देखि वडाचौर सम्म</td><td>पुष्पाञ्जली निर्माण सेवा</td><td>१९४३००</td><td>१९४०००</td><td>३००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>८१८३००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०२</td><td></td><td></td><td>
गैर सरकारी संस्था मार्फत कार्य - सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ मा कार्यालयले तोकिए बमोजिमको अवस्था र खरिद मूल्य बमोजिम खरिद विधि अवलम्बन गर्नु पर्दछ। सोही ऐनको दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमूखिकरण, सवलिकरण, मूल प्रवाहीकरण जस्ता कार्य छिटो छरितो प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई सेवा प्राप्त गर्न सक्दछ। यसैगरी सार्वजनिक खरिद नियामावली २०६४ को नियम ९१(१) मा गैरसरकारी संस्थाबाट काम गराउन कामको आवश्यकता, किसिम, समायावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको क्षेत्रगत शर्त र लाग्ने रकमको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।यस धुर्कोट गाउँपालिकाले “कृषि तथा पशु उद्यमशिलता विकास परियोजना” संचालन गर्न मिति २०७६ मंसिर १५ गते हेफर प्रोजेक्ट नेपालसँग २०७६ मंसिर १५ गते देखि २०७९ आषाढ १६ सम्मको अवधि किटान गरी निम्नानुसार परियोजनाको तर्फबाट रु १,०१,२१,९२०/- र पालिकाको तर्फबाट रु ३,०३,६२,११०/- समेत रु. ४,०४,८४,०३०/- को कार्यक्रम बनाई सम्झौता गरेको पाइयो।
<table>
<tr><th>सि.न</th><th>विषय</th><th>हेफरबाट प्रस्तावित रकम</th><th>पालिकातर्फबाट छुटाइएको रकम</th><th>जम्मा रकम</th></tr>
<tr><td>१</td><td>पशु खरिद तथाढुवानी</td><td>०</td><td>१११९१६००</td><td>१११९१६००</td></tr>
<tr><td>२</td><td>वागवाली तथाढुवानी</td><td>०</td><td>२८१५२००</td><td>२८१५२००</td></tr>
<tr><td>३</td><td>कूषि सामाग्रीतथा उपकरण</td><td>१०००००</td><td>८७२५०००</td><td>८८२५०००</td></tr>
<tr><td>४</td><td>भम्रण खर्च</td><td>१११२५००</td><td>०</td><td>१११२५००</td></tr>
<tr><td>५</td><td>तालिम</td><td>२४१८००</td><td>६१३५०६०</td><td>६३७६८६०</td></tr>
<tr><td>६</td><td>प्राविधिक सेवातथा मूल्याङ्कन</td><td>१६७९४७५</td><td>१४९५२५०</td><td>३१७४७२५</td></tr>
<tr><td>७</td><td>तलब तथासुविधा</td><td>५६२०६४५</td><td>०</td><td>५६२०६४५</td></tr>
</table>
</td><td>९,१३२,२९६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८</td><td>कार्यालयखर्च</td><td>१३६७५००</td><td>०</td><td>१३६७५००</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td>१०१२१९२०</td><td>३०३६२११०</td><td>४०४८४०३०</td></tr>
</table>
सम्झौताको दफा ७.२.८ अनुसार पालिकाले तोकिएको कार्यतालिका अनुसार हेफर प्रोजेक्ट नेपाललाई पेश्की स्वरुप रकम उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाकोतर्फबाट पेश्की स्वरुप उपलब्ध गराइएको रु ८५,२७,४१२ को विल भरपाई पालिकामा पेस भई पेश्की फछ्यौट भएको छ। साझेदार संस्था हेफर प्रोजेक्ट नेपालबाट सम्झौता बमोजिम खर्च हुनु पर्ने रु४४,२६,९२०/- रकमका विल भरपाई र प्रगति प्रतिवेदन लेखापरीक्षणार्थ पेश भएको छैन। पालिकाले आफ्नो वित्तीय विवरणमा समेत यसरी भएको खर्च रकमलाई समावेस गरेको छैन। यसरी पालिकाजस्तो सार्वजनिक निकायले एक गैरसरकारी संस्थासँग सम्झौता गर्दा देहायका मुल विषयमा ध्यान दिएको पाइएन।<br>
(१) साझेदार संस्थासँग भएको सम्झौता अनुसार यस वर्ष खर्च गर्नुपर्ने रकम रु ४४,२३,९२०/- को विल भरपाई सार्वजनिक निकायमा पेश नभएको र वित्तीय विवरणमा यस्तो खर्च रकमलाई समावेस नगरेको।<br>
(२) साझेदार संस्थालाई यस वर्ष पेश्की रु ८७,२७,४१२/- उपलब्ध गराउँदा बैङ्क जमानत लिने प्रावधान सम्झौतामा नभएको ।<br>
(३) सार्वजनिक निकायको संगठन संरचना ( कृषि,पशु ) को उपयोग गर्ने गरी जनशक्ति परिचालनको ढाँचा सम्झौतामा उल्लेख नभएको।<br>
(४) साझेदार संस्थाबाट भएको कार्यक्रम अनुसारको विल भरपाई तथा कार्यक्रमको सार्वजनिक निकायबाट अपनत्व लिने र अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारीबाट सार्वजनिक निकायलाई छुट्टै राखेको।<br>
(५) चालु प्रकृतिको खर्च र आम्दानीको सुनिश्चितता र बजेट स्वीकृत नहुदै खर्च विनियोजन र खर्च सिद्दान्त विपरित बहुवर्षिय सम्झौताको रुपमा साझेदारीको रुपमा सम्झौता गरेको। (६) हेफर प्रोजेक्ट नेपालले स्थानीय गैरसरकारी संस्था सृजनशील सामुदायिक विकास केन्द्र, गुल्मी सँग पुनः सम्झौता गरेको छ।<br>
(७) यस वर्ष २०७९ आषाढ १६ गते परियोजनाको अवधि समाप्त भएकोले यसरी ३ वर्षमा लगानी भएको रकमबाट स्थानीय जनतामा परेको सकारात्मक प्रभाव मूल्यांकन सृजना भएको र सम्पत्तिको स्वामित्व हस्तान्तरण सम्बन्धी कार्यहरू भएको पाइएन।<br>
(८) हेफर प्रोजेक्ट नेपालबाट धुर्कोट वडा नं. ७ मा वितरण भएका बाख्रा तथा खोरको २०७९/०५/२५ मा स्थलगत अवलोकन गर्दा देखिएका व्यहोरा देहाय छन् :<br>
(क) भगवती पशुपंक्षी फर्मलाई परियोजना संचालनको दोस्रो वर्षमा २ वटा रु ५ हजारको खोर निर्माणको लागि उपलब्ध गराइएको छ।प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले पनि यस वर्ष खोर निर्माणमा रु ४०००० अनुदान उपलब्ध गराएको पाइयो।<br>
(ख) स्थानीय विमला खनाललाई २ वटा बाख्रा उपलब्ध गराएकोमा १ वटा मरेको र अर्को २ वर्षमा एकपटक पनि नव्याएको सम्बन्धितको भनाई रहेको पाइयो। यसरी बाख्रा उपलब्ध गराउँदा मापदण्ड अनुसार २० किलो भन्दा माथिको स्वस्थ बाख्रा हुनुपर्नेमा ४ महिनाका कम तौल भएका उपलब्ध भएको बुझिन आयो।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (ग) यसैगरी स्थानीय गायत्रा घिमिरेको २ वटा बाख्रा मध्ये १ वटा सोही वर्ष बाघले खाएको र १ वटा एकपटक व्याएको जानकारी पाइयो। (घ) BRT पशुपंक्षी फर्मको २ वटा बाख्रा मध्ये १ वटा सोही वर्ष मरेको पाइयो।<br>यसरी उन्नतप्रजातिको भनी अन्यत्रबाट ल्याएका बाख्राले स्थानीय हावापानी अनुसार अनुकुल हुन नसकेको स्थानीयको रहेको पाइयो।<br>यसरी सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियामावली २०६४ तथा आर्थिक कार्यविधि तथा वित्तीय ऐन २०७६ को मर्म भावना विपरीत भएको सम्झौताअनुसारको खर्च रु ९१,३२,२९६/- नियमसम्मत नदेखिएको रु. | |
| १०३ | | | **घर भाडा -** धुर्कोट गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका,२०७७ को प्रकरण १५(४) बमोजिम कार्यालय प्रयोजनका लागि बाहेक घरभाडामा नलिने व्यवस्था रहेको छ।पालिकाले विभिन्न कर्मचारीहरूको घरभाडा वापत गो.भौ.नं. १०४/२०७८/२९ मा रु १,४७,०००/- र गो.भौ.नं. ४५४/२०७९/३/२५ मा रु ३,५१,१००/- गरी जम्मा रु ४,९८,१००/- खर्च लेखेको पाइयो। तसर्थ निर्देशिकाको उक्त व्यवस्था विपरित अनियमित भएको रु. | ४९८,१०० |
| १०४ | | | **औद्योगिक ग्राम निर्माण -** यस धुर्कोट गाउँपालिकामा औद्योगिक ग्राम निर्माण गर्न आर्थिक वर्ष २०७७।०७८ मा डि.पि.आर. तयार गरी सो आधारमा रु ८,३७,३३,०५१।१६लागत अनुमान स्वीकृत भएको छ। सोही आधारमा सो वर्ष रु ९२,००,०००।– बजेट विनियोजन भई कार्य सुरु भएको र रु १६,८४,८३०।– खर्च भएकोमा यस वर्ष २०७८।०७९ मा रु ४३,५३,८२४।– गरी हाल सम्म जम्मा रु ६०,३८,६५४।– खर्च भएको छ। जमिन सम्याउने कार्य मात्र भएको यस ग्रामको अन्य पूर्वाधार निर्माणको काम सुरु भएको पाइएन। यसरी औद्योगिक ग्रामको निर्माणको लागि तयार भएको डि.पि.आर. अनुसारको काम अघि बढाउन पालिकाले पहल गर्नुपर्ने देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०५ | | | **धरौटी फिर्ता -** मुल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली २०५३ अनुसार पालिकाले निर्माण व्यवसायी तथा फर्महरुको धरौटी फिर्ता गर्दा आन्तरीक राजश्व कार्यालयमा कर समायोजन गरेको प्रमाणको आधारमा फिर्ता गर्नुपर्दछ । कार्यालयले निम्न व्यवसायीहरुको धरौटी फिर्ता गर्दा कर समायोजनको पत्र विना रु. ५०९१०३।- फिर्ता गरेको छ । यसरी फिर्ता गरेकोमा कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु. | ५०९,१०३ |

| गो.भौ.नं. | मिति | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| २ | २०७८।०६।११ | मुड्ली कन्स्ट्रक्सन | ४२८२६५ |
| ५ | २०७८।०८।०२ | पोखरेल निर्माण सेवा | २५०२७ |
| ७ | २०७८।०९।३० | सिद्धार्थ हार्डवेयर्स प्रा लि | ५५८११ |
| **जम्मा** | | | **५०९१०३** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०६ | | | **प्रकोप व्यवस्थापन** | |
| १०६.१ | | | **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि ३ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| १०६.२ | | | **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरे/गराएको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०६.३</td><td></td><td></td><td>विपद् व्यवस्थापन कोष – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात रू. ४,३८,७६८ र यस वर्षको आम्दानी सुन्य भएको र । पालिकाले नियममा तोकिएबमोजिम खर्च लेखेको/नियम बनाएको/कोष खडा गरेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०६.४</td><td></td><td></td><td>आन्तरिक आम्दानी बापतको रकम सोही शिर्षकमा जम्मा गर्नुपर्दछ।पालिकाको आन्तरिक आय ढुङ्का गिटी बापतको आम्दानी रु.२,२५,४१७ अर्जुन बहादुर बस्नेतले प्रकोप व्यवस्थापन कोषमा जम्मा गरेकोले उक्त रकम गाउँपालिकाको आन्तरिक आम्दानी खातामा जम्मा गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>१०६.५</td><td></td><td></td><td>कर कट्टी - आयकर ऐन २०५८ को दफा ८८ अनुसार वासिन्दा व्यक्तिले प्राप्त गरेको रकम भुक्तानी गर्दा कुल भुक्तानीको पन्ध्र प्रतिशतका दरले करकट्टि गर्नुपर्ने व्यवस्था छ।पालिकाले समितिअन्तर्गत रहेका निम्न एम्बुलेन्स चालकहरुलाई प्रोत्साहन भत्ता भुक्तानी गर्दा पन्ध्र प्रतिशतका दरले करकट्टि नगरर्कोले नपुग कर कट्टि गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>नाम पद</th><th>प्रोत्साहन भत्ता</th><th>कट्टि गरेको कर</th><th>कट्टी गर्नुपर्ने</th><th>नपुग कर</th></tr>
<tr><td>एम्बुलेन्स चालक चन्द्र बहादुर सामत</td><td>१३५००</td><td>१३५</td><td>२०२५</td><td>१८९०</td></tr>
<tr><td>एम्बुलेन्स चालक बसन्त सुनार</td><td>८१००</td><td>८१</td><td>१२१५</td><td>११३४</td></tr>
<tr><td>एम्बुलेन्स चालक यम बहादुर राना</td><td>९९००</td><td>९९</td><td>१४८५</td><td>१३८६</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४,४१०</td></tr>
</table></td><td>४,४१०</td></tr>
<tr><td>१०६.६</td><td></td><td></td><td>प्रतिवेदन - धुर्कोट गाउँपालिकाको विपद कोष व्यवस्थापन कार्यविधि,२०७४ परिछेच्द ८ को बुँदा ९(१)मा यर निर्देशिका अनुसार गरिएका काम कारवाहीको लागी गाउँपालिकाबाट अनुगमन गर्ने, बुँदा ९(२) मा यस निर्देशिका अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन गाउँपालिकाको कार्यपालिकामा पेस गर्नुपर्ने व्यवस्था छ।कार्यालयले विपद व्यवस्थापन कोषबाट रु.१७,४०,४७८/- खर्च गरेकोमा सोको अनुगमन नगरेको समितिमा छलफल नगरी कार्यपालिकाले निर्णय गरेको र सञ्चालित कार्यहरुको प्रतिवेदन कार्यपालिकामा पेस गरेको पाइएन। कार्यविधिले तोके अनुसारको कार्य गर्नसपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०७ | | | **अनुगमन तथा सम्परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा पालिकाले ऐनको उपरोक्त प्रावधान बमोजिम संपरीक्षणको लागि रु४३९६११६ पेश गरेको छ। गत विगत वर्षको बाकी बेरुजु फछ्र्यौट गरी सम्परीक्षण गराउनुपर्दछ। | |

| आर्थिक वर्ष | दफा | विवरण | अनुरोध रकम | फछ्रयौट रकम |
|---|---|---|---|---|
| २०७४/७५ | ५४ | घोष वर्दवास खानेपानी तथा सरसफाई योजना उपभोक्ता समितिको खर्चको विलभरपाई पेश भई पेश्की फस्यौट | ३३,८०,००० | ३३,८०,००० |
| २०७५/७६ | ३० | सामुदायिक विद्युतीकरण साझेदारी कार्यक्रमको प्रमाण कागजात पेश भई फस्यौट | ९,६०,००० | ९,६०,००० |
| | ३१ | बढी भुक्तानी दफा ३१ को सि.न ७,८ को तालिम केन्द्र भवन निर्माण उपभोक्ता समितिबाट असुल गरी दाखिला गरेको आधारमा फस्यौट | ५६,११६ | ५६,११६ |
| जम्मा | | | ४३,९६,११६ | ४३,९६,११६ |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ५६०३२००० | ४३९६११६ | ५१६३५८८४ |